# उद्यम, उत्पादकत्व र लगानी



**वैकुण्ठ पाण्डे**
बुटवल बहुमुखी क्याम्पस

### १. परिचय

उद्यम एउटा भाववाची शब्द हो । मानिसको दिमागमा लुकेर बसेको सृजनात्मकताको कलात्मक प्रस्तुति नै उद्यम हो । हरेक व्यक्तिमा सृजनात्मकता निहित हुन्छ र हरेक व्यक्ति उद्यमी हुने सम्भावना रहन्छ तर बाहिरी वातावरणको सम्पर्क बिना त्यो प्रस्फुटन हुन सक्दैन । अतः हरेक व्यक्ति उद्यमी हुँदैन । उद्यम खास गरेर भौतिक वस्तुको व्यवसाय र उत्पादनसँग जोडेर भन्ने वा बुझ्ने गरिए तापनि अभौतिक सेवाको सृजनामा पनि त्यत्तिकै लागु हुन्छ । के हो त उद्यम खासमा ? अर्थशास्त्रको भाषामा भन्नु पर्दा उद्यम भनेको व्यक्तिमा निहित त्यस्तो खुबी हो जसले आगत र निर्गतको बिचमा रहेर पुलको काम गर्दछ । अर्को शब्दमा, विभिन्न कच्चा पदार्थहरूको प्रयोग गरेर नयाँ वस्तु निर्माण गर्ने प्रक्रियामा प्रयोग हुने बौद्धिकतालाई नै उद्यम मान्न सकिन्छ । अतः उत्पादनलाई साकार रूप लिने क्रममा प्रयोग भए गरेका मानवीय खुबी वा कुशलता नै उद्यम हो । उद्यमले मूल्य अभिवृद्धि गराउँदछ । उत्पादनको एउटा तहमा कुन कुन विशिष्ट साधनको प्रयोग गर्ने भन्ने छनौट गरेर नयाँ वस्तुको सिर्जना गर्दै त्यसको उपयोग मूल्यमा वृद्धि गर्ने काम उद्यमको हो । यहाँनेर एउटा रमाइलो उदाहरण दिन सकिन्छ : किसानले गाईलाई घाँस खुवाएर दुध निकाल्नु उद्यम भयो । घाँस आगत भयो भने दुध निर्गत भयो । त्यसको बिचमा मेसिनका रूपमा गाईलाई सावधानी पूर्वक प्रयोग गर्दै दुध दुहेर बाल्टी भरि दुध उत्पादन गर्नु उद्यम हो । यहाँनेर मेसिन उद्यमको औजार हो उत्पादन दिनको निम्ति । मेसिन निर्जीव वस्तु वा पशुपक्षी जे पनि हुन सक्दो रहेछ । यसरी उद्यम वस्तु तथा सेवा उत्पादन गर्ने विशिष्ट मानवीय क्षमता हो । उद्यम निर्माता हो राष्ट्रको । उद्यम मुहान हो सिर्जनाको । तसर्थ उद्यमी राष्ट्र निर्माणका सच्चा संवाहक हुन् । जहाँ उद्यम हुँदैन त्यहाँ राष्ट्र दरिद्र हुन्छ । एक जना विद्वान्ले उद्यमलाई जोड दिँदै भनेका छन् – तिमी मानिसलाई माछा खान होइन माछा समात्न सिकाऊ । अर्थात् समुद्रका माछा कसरी समातेर बजार सम्म ल्याउने भन्ने कला सिकायौं भने मात्र त्यसले उत्पादनमा योगदान दिन्छ । उत्पादन विना संसार नै निरस र कुरूप हुन्छ । हाम्राधर्म ग्रन्थहरूले पनि उद्यमलाई त्यत्तिकै महत्त्व दिएका छन्: 'अनुद्योगेन तिलेभ्यो तैलानि नाप्ति मर्हति' अर्थात् उद्योग वा उद्यम विना तिलबाट तेल पनि आउँदैन । हाम्रो प्रसिद्ध साहित्यकार भानुभक्त आचार्यले पनि उद्यमलाई जोड दिँदै लेखेका छन् –

> ज्युँदै मऱ्याको भनी नाम कस्को ?
> उद्यम् विना बित्तछ काल जस्को ।

यसरी उद्यमलाई हाम्रा प्राचीन, ऐतिहासिक धर्म ग्रन्थ देखि आधुनिक साहित्यसम्ममा प्रशस्त स्थान दिएको पाइन्छ ।

उद्यम उद्यमीसँग जोडिएर आउने कुरा भयो । उद्यमीसँग उद्यम गर्ने विशेष खुबी रहन्छ । तसर्थ उद्यमलाई प्रोत्साहन गर्नु नै उद्यमीको सम्मान गर्नु हो । उद्यमी भित्र निहित उद्यमशीलताको सम्मान गरिएको हो न कि कुनै नामधारी व्यक्तिको । यसरी हाम्रो मानव सम्भाव्यताको केन्द्र भागसम्म हाम्रो अध्ययनको क्षितिज बढाएर हेऱ्यौँ भने पनि उद्यम सभ्यताको केन्द्र भागमा पर्दछ । उद्यमले नै मानव सभ्यतालाई परिस्कृत पारेको छ, सम्पन्न तुल्याएको छ र बस्न लायक बनाएको छ ।

### २. उत्पादकत्व

डिग्रीलाई उत्पादकत्व भनिन्छ । उद्यम भयो भन्दैमा सबैमा समान क्षमता नहुन सक्छ । कसैले १ दिनमा हजार रूपैयाँ बराबरको उत्पादन गर्ने क्षमता राख्दछन् भने कसैले लाखको त कसैले सयौंको । अतः व्यक्ति पिच्छे उत्पादन दिने क्षमता फरक रहन्छ । उद्यमको त्यस क्षमतालाई नै उत्पादकत्व भनिन्छ । बजारमा उद्यमको भन्दा पनि श्रमको उत्पादकत्वको चर्चा हुने गर्दछ जुन नितान्त फरक कुरा हुन् । उच्च उत्पादकत्व भएको उद्यमी हुनका निम्ति

उच्च उत्पादकत्व भएको श्रमको चयन गर्न सक्नु पर्दछ । श्रमिकलाई तालिम प्रशिक्षण दिएर पनि उच्च उत्पादकत्व हासिल गर्न सकिन्छ । श्रम नितान्त तोकिएको काममा श्रम विभाजनको लाभ लिँदै सक्षमताका साथ उच्च उत्पादकत्व दिन समर्थ हुन्छ भने उद्यमले धेरै कुराहरूको तालमेल मिलाएर मात्र उत्पादकत्व उच्च पार्न सक्दछ । बढी उत्पादन दिने कच्चा पदार्थको प्रयोग तदनुरूप रसायन, विज्ञापन, औजार, यन्त्रको प्रयोग आदिको माध्यमबाट समग्र मा आफ्नो फर्मलाई माथिल्लो स्तरमा पुऱ्याउन सफल हुन सकिन्छ । उत्पादत्वलाई उचाइमा पुऱ्याउन जति लागतको न्यूनतातर्फ चलाखी अपनाउनु पर्दछ त्यतिनै सेल्स अधिकता तर्फ ध्यानदिनु पर्दछ ।

अर्थशास्त्रमा उत्पादक कुशलता प्रोडक्सन इफिसियन्सीका निम्ति एउटा सूत्र छ :

$$\pi = TR\text{-}TC$$

यहाँ $\pi$ भनेको नाफा हो भने TR भनेको कुल आर्जन र TC भनेको कुल लागत हो । कुल आर्जनलाई बढी पार्न बिक्री कुशलता र बजारको अवस्था वा उपभोक्ताको रुचि र उनीहरूसँगको व्यवहार महत्त्वपूर्ण हुने गर्दछ । उपभोक्ताको रुचि समयानुसार फेरबदल हुँदै जाँदा आफ्नो उत्पादन शैली र प्रोडक्ट वा मार्केटिङ पुरानै ढर्राको हुन गयो भने कुल आर्जनको वृद्धिदर घट्न जान्छ वा कुल आर्जन घट्न पुग्छ । यसरी एउटा कुशल उद्यमीले यी सम्पूर्ण व्यावसायिक पक्षलाई ध्यान दिँदै बढी रिटर्न दिने इन्पुटको प्रयोग गर्न सकेको खण्डमा उसको फर्मको उत्पादकत्व उच्च हुन पुग्छ र ऊ बजारमा स्थापित हुन सक्छ ।

अहिले हामीसँग दुई वटा मुख्य चुनौतीहरू छन् । पहिलो आफ्नो फर्मलाई बजारमा स्थापित गर्नु ठुलो चुनौती हो भने दोस्रो चुनौती भनेका विदेशी उत्पादन सँग प्रतिस्पर्धा हो । आयात प्रतिस्थापन गर्ने हो । जबसम्म यी दुवै कुराहरू हुँदैन हाम्रो अर्थतन्त्र बलियो हुँदैन । मतलब हामी बलियो हुँदैनौँ । यसका निम्ति एउटा फर्मले उत्पादकत्वलाई सदा माथि पार्नका निम्ति कम्तीमा वर्षको १ पटक व्यावसायिक तालिममा सहभागी हुनु पर्दछ भने वर्षमा १ पटक आफ्ना ब्याकवार्ड लिङ्केज र फरवार्ड लिङ्केजहरूसँग भेटघाट वा अन्तर्क्रिया गर्नु राम्रो हुन्छ । ब्याकवार्ड लिङ्केज भन्नाले उत्पादन पूर्वक जति पनि सम्बन्धहरू छन् तिनीहरूसँगको सम्बन्धलाई बुझिन्छ । जस्तै, श्रमिक, कच्चापदार्थ, उत्पादक वा आपूर्ति कर्ता, जग्गादाता, ऋणदाता सामाजिक सङ्घ सङ्गठन हरू आदि । त्यस्तै फरवार्ड लिङ्केजमा उत्पादन भइरहेको वस्तुलाई उपभोक्ताको हातसम्म पुऱ्याउने जतिपनि स्टेकहोल्डरहरू छन् ती सबै पर्दछन् । अतः एउटा कुशल उद्यमीलाई ब्याकवार्ड र फरवार्ड लिङ्केज बिच सुमधुर सम्बन्ध राखि राख्नु अनिवार्य रहन्छ ।

## ३. लगानी

सामान्य बोलीचालीको भाषामा लगानी भन्नाले सेयर, ट्रेजरीबिल्स,बोन्ड, सुनचाँदी, घर घडेरी वा कपडा लत्ता वा किराना वा अन्य सामग्रीको व्यापारमा गरिने खर्चलाई बुझिन्छ । तर अर्थशास्त्रको भाषामा लगानी भन्नाले सामाजमा विद्यमान रहेको उत्पादन योग्य पुँजीगत वस्तुको परिमाणमा वृद्धि गर्नु नै लगानी हो । यसरी माथि उल्लिखित वस्तुहरूमा गरिने लगानी पुँजीको हस्तान्तरण मात्र हो भने पुँजीगत वस्तुको थप वृद्धिमा गरिने लगानी नै खास अर्थमा लगानी हो जसले समाजको उत्पादन क्षमता बढाउँछ । यसले उत्पादन र रोजगारीमा समेत ठुलो योगदान पुऱ्याउँछ । पुराना मेसिन वा यन्त्रका ठाउँमा नयाँ मेसिन वा यन्त्र जडान गर्नु विस्थापन लगानी हो भने नितान्त नयाँ परिमाणमा पुँजीगत सामग्रीको वृद्धि गर्नु वास्तविक लगानी हो । समाजमा वास्तविक लगानीको ठुलो महत्त्व रहन्छ । थप लगानी विना थप रोगजारी सृजना हुँदैन । श्रम बजारमा प्रत्येक वर्ष ३ लाख मानिसहरू थपिँदै जाने तर वास्तविक लगानी कम हुने वा नहुने स्थिति आएमा बेरोजगारी समस्या बढ्दै जान्छ । तसर्थ थप लगानी हुने वातावरण निर्माण गर्दै जाँदा स्वदेशमा नै रोजगारीको सृजना हुने, कुल उत्पादन बढ्ने र आयात प्रतिस्थापना भई व्यापार असन्तुलनलाई नियन्त्रणमा लिन सकिने अवस्था रहन्छ । अतः देशभित्रका लगानीकर्ता राष्ट्र निर्माता हुन् । देशमा जति धेरै लगानीकर्ताको सङ्ख्या रहन्छ त्यति नै देश समृद्ध हुन पुग्छ । तसर्थ देशले लगानीकर्तालाई भरपुर सुविधा र माया दिनु पर्दछ ता कि स्वेदश मा लगानी बढोस् । यहाँनेर अर्को प्रसङ्ग जोड्न म उपयुक्त मान्दछु - रोजगार राष्ट्र वाद देशको राष्ट्रवाद खोज्न धेरै टाढा जानु पर्दैन । भौगोलिक सीमाको सुरक्षाको अलावा देशमा रोजगारी सिर्जनाको आधारमा राष्ट्रवादको पहिचान गरिनु पर्दछ । आफू स्वयं रोजगार रहेर कम्तीमा एक जना व्यक्तिलाई थप रोजगार दिन सक्ने व्यक्ति राष्ट्रवादी

हो । राष्ट्रवाद कोरा भाषण र बेतुकका आन्दोलनमा होइन उत्पादन र रोजगारीमा खोजिनु पर्दछ । यो अभियानलाई राष्ट्रव्यापी बनाउन सकियो र सरकारले आवश्यक प्रोत्साहन दिन सक्यो भने देशबाट लाखौँ युवाहरू बिदेसिनु पर्ने परिस्थिति रोकिन सक्छ र आयात प्रतिस्थापना समेत भई देशको कुल राष्ट्रिय आम्दानीमा वृद्धि हुन सक्छ । सरकार धनी हुन्छ । नागरिक सम्पन्न हुन्छन् । जनताका आवश्यकताहरू पुरा भई राज्यको जनताप्रतिको जिम्मेवारी निर्वाह हुन सक्छ ।

**४. उपसंहार**

मानिससँग पैसा हुँदैमा उद्यमी भइन्छ भन्ने जरूरी छैन । उद्यम व्यक्तिमा निहित त्यस्तो प्रतिभा हो जसले इन्पुट र आउट पुटका बिचमा रहेर काम गर्दछ । उद्यम मा जोखिम बहन गर्ने क्षमता, विभिन्न साधनहरूको व्यवस्थापन र संयोजन, बजारको स्थिति, सरकारी नीतिको ज्ञानसँगै थोर बहुत प्राविधिक दक्षता रहनु पर्दछ । उद्यम विना उत्पादन सम्भव छैन । उद्यम बढाउन शिक्षा, तालिम र प्रोत्साहनको साथै पुर्ख्यौली बिरासत पनि जरूरी पर्दछ । उद्यमको क्षमताको स्तर वा डिग्रीलाई उत्पादकत्व भनिन्छ । उच्च उत्पादकत्वमै उच्च लाभ हुन्छ । उच्च उत्पादकत्वमा लगानी पनि प्रोत्साहित हुन्छ । लगानीले रोजगारीको सिर्जना गर्दछ । रोजगारीको थप व्यवस्थाबाट कुल उत्पादन समेत बढ्न जान्छ जसले आर्थिक वृद्धिलाई तीव्र पार्दै कुल राष्ट्रिय आम्दानी बढ्न जान्छ र जनता खुसी र समृद्ध हुन्छन् । अतः उद्यमबाट उत्पादकत्व र उत्पादकत्व बाट लगानी प्रेरित भई राष्ट्र सम्पन्न हुने मार्ग प्रशस्त हुन्छ । त्यो रोजगारीको सिर्जना मार्फत सम्भव हुन्छ । यसैलाई रोजगार राष्ट्रवाद भनिन्छ । प्रसिद्ध अर्थशास्त्री जे.एम. किन्सले समेत रोजगारीको सृजनालाई बढी जोड दिएका छन् । अबको राष्ट्रवादको परिभाषा रोजगारी सिर्जनाको स्तरमा खोजिनु पर्दछ । यसलाई राष्ट्रिय अभियानको रूपमा अगामि सार्दै देशका उद्यमी व्यावसायीलाई राष्ट्र निर्माणको आधार स्तम्भका रूपमा व्यवहार गर्न किन कन्जुस्याइँ गर्ने ? हामी सबैलाई चेतना भया ! अस्तु !